नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
# वन तथा भू-संरक्षण विभाग
(वन संरक्षण शाखा)

४-२२७५७४
४-२२०३०३
४-२२१२३१
४-२१६३७९
४-२२१७४४
फ्याक्स : ४-२२७३७४

(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।)

बबरमहल
काठमाडौं, नेपाल

प्राप्त पत्र संख्या र मितिः
पत्र संख्या : २/४/०७९/०८०
च. नं.: ६८३

मिति २०७९/०९/०८

**विषयः वन क्षेत्र प्रयोग गरे बापतको रकम दाखिला सम्बन्धमा ।**

श्री डिभिजन वन कार्यालय (८४ वटै) ।

प्रस्तुत विषयमा वन क्षेत्रको जग्गा भोगाधिकार प्राप्त गर्ने र रुख विरुवा हटाउने सम्बन्धी विभिन्न आयोजनाहरुसँग विभिन्न मितिमा भएको सम्झौता अनुसार आयोजनाले वन क्षेत्र प्रयोग गरे बापत दस्तुर तिर्नुपर्ने व्यवस्था रहेकोमा कतिपय आयोजनाहरुले सम्झौतामा उल्लेखित दस्तुर नबुझाउँदा महा लेखा परीक्षकको अन्तिम लेखा परीक्षण हुँदा बेरुजु औंल्याएको भनी विभिन्न मितिमा डिभिजन वन कार्यालयहरुबाट असुलीका लागि पहल गरिदिन भनि अनुरोध साथ पत्र समेत प्राप्त भएको सन्दर्भमा स्थलगत अनुगमन गरी सम्झौतामा उल्लेखित शर्तहरु पालना भए/नभएको यकिन गरी बेरुजु रकम अविलम्ब दाखिला गर्ने व्यवस्था सम्बन्धित डिभिजन वन कार्यालयलबाट मिलाउन तथा वन नियमावली २०७९ को नियम १०५ मा व्यवस्था भए बमोजिम राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृत प्राप्त मुनाफा कमाउने विकास आयोजनाले मुनाफा प्राप्त हुन सुरु भएपछि वातावरणीय सेवा बापत मुनाफाको एक प्रतिशत रकम कोषमा जम्मा गर्नु पर्ने व्यवस्था भएको, खानी कार्यको लागि वन क्षेत्र प्रयोग गर्दा नियम १०० (६) बमोजिम पच्चीस प्रतिशत रकम वातावरणीय सेवा शुल्क बापत डिभिजन वन कार्यालय मार्फत वन विकास कोषमा जम्मा गर्नु पर्ने उल्लेख भए बमोजिम सोही अनुसार वन विकास कोषमा विकास आयोजनाले जग्गा प्रयोग गरे बापत हुने रकम तथा वातावरणीय सेवा बापतको रकम जम्मा गर्न गराउने व्यवस्था मिलाउन हुन अनुरोध छ।

सुदिप छत्कुली
उपसचिव (प्रा.)

**बोधार्थः**

१. प्रदेश वन निर्देशनालय (७ वटै)- आवश्यक सहयोग गरिदिन हुन अनुरोध छ।